# वार्षिक समिक्षा

भीरकोट नगरपालिकावाट आर्थिक वर्ष २०८०/८१ को लागि स्वीकृत योजना तथा कार्यक्रमहरुको मिति २०८०/ ०७/ २६ गते वार्षिक समिक्षा कार्यक्रम देहाय वमोजिमको विवरण एवं सुझाव सहित सम्पन्न भएको छ ।

**समिक्षामा उठेका सुझाव एवं गुनासोहरु**

१ आर्थिक वर्ष २०८०/८१ मा विभिन्न शिर्षकमा यस नगरपालिकामा ६१४०२४९६८ रकम प्राप्त भएकोमा ५४०५४१८९१ खर्च भई समग्रमा खर्च प्रतिशत८८.०३ रहेको पाईयो ।

२ समिक्षा भएको आर्थिक वर्षमा २३० वटा योजना सन्चालन भएकोमा २२० योजना उपभोक्ता समिति मार्फत सन्चालन भएको र १० वटा योजना वोलपत्र मार्फत सन्चालन भएकोमा सम्पन्न भएको र ७ वटा योजनाहरु क्रमागत रुपमा रहेको पाइयो

३ नगरपालिकावाट सन्चालित योजनाहरुको भौतिक प्रगती समेत वैठकमा पेश भएको पाईयो ।

४ नगरपालिका अन्तर्गत रहेका विषयगत शाखाहरु शिक्षा, स्वास्थ्य, उद्यम विकास,कृषि एवं पशु विकास र प्रधानमन्त्री रोजगार कार्यक्रमको समेत समिक्षा गरिएयो ।

५ आर्थिक विकास योजनामा स्थानीय आर्थिक विकास योजनामा समावेश भएको दस्तावेजहरुको सम्वन्धमा छलफल गरियो

६ स्थानीय विकास सम्वाद समितिको वारेमा वैठकमा छलफल भयो ।

७ स्थानीय तहको आर्थिक विकास क्षेत्र जनतासँग प्रत्यक्ष सम्वन्ध भएको हुँदा आगामी आर्थिक वर्षमा यसको लगानीमा वृद्धि गरिनु पर्ने ।

८ नगरपालिकाका सवै वडाहरु सडक पहुँच पुगेको हुँदा नयाँ ट्र्याक खोल्न निरुत्साहित गरी हाल सन्चालनमा रहेका सडकहरुलाई प्राथमिकरण गरी सडक स्तरोन्तीको काम गर्नु पर्ने

९ भीरकोट नगरपालिकामा जिल्ला भरीको सवै भन्दा वढि कृषि उत्पादनको लागि उर्वरभुमी रहेको हुँदा सिमलचौर, छाङ्छाङदी,पकान लगायतका फाँटहरुमा सिचाई सुविधा उपलब्ध गराउन सकेमा यस नगरपालिका खाद्यान्नमा आत्म निर्भर हुने हुँदा संघ र प्रदेश सरकारसँगको सहलगानीमा सिचाई आयोजना सन्चालन गरिनु पर्ने ।

१० भीरकोट नगरपालिकामा करिव ९०% जनताहरुले स्वच्छ खानेपानी सेवा उपलब्ध भएकोमा तथ्याङ्क उपलब्ध भएकोमा पानीको सुद्दिकरण र मुहानको संरक्षणको लागि विशेष पहल गरिनु पर्ने

११ यस नगरपालिकामा गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमवाट आर्थिक तथा सामाजिक रुपमा पछि परेका वर्गको सशक्तिकरणको लागि विभिन्न उद्यम विकासको कार्यक्रम सन्चालन गरिएको ।

१२ विषयगत शाखाको कार्यक्रम समेत नगरपालिकावाट स्वीकृत गराई पार्दर्सी तरिकावाट सन्चालन गरिनु पर्ने

१३ वार्षिक खरिद योजनाको सम्वन्धमा वैठकमा छलफल भयो ।आर्थिक वर्षको पहिलो चौमासिक अवधी योजनाहरुको वोलपत्र आव्हान गरी योजना सम्पन्न गर्नु पर्ने ।

१४ भीरकोट नगरपालिकाको आम्दानी र खर्च रकम सुत्रमा आवद्द गरिएकोमा यसको प्रयोग गरी योजना तथा कार्यक्रमको प्रगती विवरण तयार गर्ने ।

१५ कार्यालयवाट हुने सवै सेवा प्रवाह नियमित र व्यवस्थित रुपमा गरिनु पर्ने, कार्यालय समय शुरु हुनु भन्दा अगाडि जनप्रतिनिधी र कर्मचारी उपस्थित भई राष्ट्रिय गानमा सहभागी हुने गरेको ।

१६ योजना तथा कार्यक्रम आर्थिक वर्षको शुरुवाट नै सम्झौता गरिनु पर्ने, आर्थिक वर्षिको अन्तमा हुने भीडभाड अन्त्य गरिनु पर्ने ।

१७ टुक्रे योजनाहरु निरुत्साहित गरी ठुला र दीघकालिन असर पर्ने योजना सन्चालन गरिनु पर्ने ।

१८ ५ लाख ठुला भन्दा योजनाहरुमा अनिवार्य रुपमा ग्रिजी स्क्रिनिङ भाइब्रेटर मेशिनवाट उत्पादित नदिजन्य निर्माण सामाग्री प्रयोग गर्नु पर्ने ।

१९ योजनाको नियमित रुपमा अनुगमन र मुल्याङ्कन गरिनु पर्ने ।

२० योजनाको निकासा प्रकृयामा सरिलिकृत गरिनु पर्ने ।